# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र सं.:-०७९/८०
चलानी नं.:- ६८८

मितिः-२०८०/०२/२१

विषयः गुनासो सम्बन्धमा।

श्री सरोकारवाला सबै,

केही दिन देखि सामाजिक सञ्जालमा विद्यालयहरूमा जडान भएको ईन्टरनेटको विषयमा यस कार्यालयको ध्यानाकर्षण भएको छ। प्रस्तुत कार्यक्रम गाउँपालिका अध्यक्ष श्री किरण राई ज्यूको विशेष पहलमा ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पुऱ्याउन नेपाल दुरसञ्चार प्राधिकरण र पौवादुङमा गाउँपालिका बीच समझदारी पत्रमा मिति २०७९/११/०४ मा हस्ताक्षर भएको हो। यस अघि यस कार्यक्रमको सुरुवात मिति २०७८/१२/०२ गते दूरसञ्चार नीति, २०६० (संशोधित २०६९ सहित) को बुंदा नं ५.१३.२ बमोजिम गठित ग्रामीण दूरसञ्चार विकास कोष परिचालन संयन्त्रको बैठक नेपाल दुरसञ्चार प्राधिकरणका अध्यक्ष श्री पुरुषोत्तम खनालको संयोजकत्वमा विभिन्न मन्त्रालय र आयोगका सह-सचिव ज्यूहरु र नेपाल दुरसञ्चार प्राधिकरणका निर्देशक लगायतका पदाधिकारीहरुको उपस्थितिमा ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी देशभरका सामुदायिक आधारभुत विद्यालय र मतदानस्थलमा विभिन्न प्रविधिको प्रयोग गरी इन्टरनेटको पहुँच विस्तार गर्न लाग्ने लागत अनुमानको सीमा तोक्ने सम्बन्धमा परामर्शदाता बाट अध्ययन गरी प्राप्त सिफारिश तथा सेवा प्रदायकबाट प्राप्त लागत अनुमानको आधारमा प्राधिकरण व्यवस्थापनबाट सिफारिस भए अनुसार 3G/4G CPE Based Service (30 GB Per Month) 2 Years' Service including required devices, transportation and installation Charge को लागत रु ९३,५१५।– तोक्ने निर्णय गरिएको छ। नेपाल टेलिकमको र Shangrilla infomatics pvt. Ltd का बिच मिति २०७७ जेष्ठ २२ मा भएको सम्झौता बमोजिम नेपाल टेलिकमले प्रमाणित गरेका Wireless Broadband Device हरु मार्फत Shangrilla infomatics pvt. Ltd ले नेपाल टेलिकमको Data/Voice सेवा प्रदान गरेको र यस कार्यक्रमको सञ्चालनका लागि ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड ईन्टरनेटको पहुँच पुऱ्याउने कार्यविधि, २०७८ बमोजिम प्रथम पक्ष सम्बन्धित सामुदायीक विद्यालयहरु र



नविन भट्टराई

दोस्रो पक्ष Shangrilla infomatics pvt. Ltd. बीच 4G प्रविधिमा आधारित ब्रोडव्याण्ड ईन्टरनेट सेवा सञ्चालनका लागि ब्रोडव्याण्ड सिपिई डिभाईस आपुर्ती/जडान गर्ने कार्यका लागि मिति २०७९/११/०५ गते सम्झौता समेत भएको छ। सम्झौता बमोजिम सामान आइ मिति २०७९/११/०६ गते यस गाउँपालिकाको बैठक हलमा सम्बन्धित विद्यालयका प्र.अ. तथा प्रतिनिधिहरुलाई एक कार्यक्रमको विच गाउँपालिका अध्यक्ष श्री किरण राई ज्यू बाट हस्तान्तरण समेत गरिएको थियो। जडान पश्चात मिति २०७९/१२/२७ मा यस गाउँपालिकाको विविध खर्च खातामा नेपाल दुरसञ्चार प्राधिकरण बाट रु २४,३८,७००।- रकम प्राप्त भई सोही दिन प्रत्येक विद्यालयहरुको बैंक खातामा रु ७३,९००।- यस कार्यालयबाट जम्मा भएको छ। विद्यालयले Shangrilla infomatics pvt. Ltd लाई पनि भुक्तानी गरेको छ। अन्य कागजात तथा यस विषयमा थप सूचना आवश्यक भएमा सूचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिम यस कार्यालयमा सूचना अधिकारी समक्ष निवेदन पेश गर्न समेत अनुरोध छ।

गुनासो राखी चासो व्यक्त गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सामाजिक सञ्जाल भन्दा पनि सम्बन्धित गुनासो सम्बन्धित कार्यालयमानै सम्पर्क गर्न र पारदर्शिताका लागि हामीले हरेक ३ महिनामा प्रकाशित त्रैमासिक स्वत प्रकाशन हेरी र कार्यालयमा भौतिक उपस्थितिमा आवश्यक सल्लाह सुझाव समेत प्रदान गर्न अनुरोध छ।

२।२१

.............................................
नविन भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत